# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-४०  २०६५ असार  अङ्क :-१२

***<u>त्रिविको ४९औं वार्षिक दिवस सम्पन्न</u>***

## उच्चशिक्षामा समान पहुँच आवश्यक : *प्रधानमन्त्री कोइराला*




**त्रि.वि.को ४९ औं वार्षिक दिवसको उपलक्ष्यमा कीर्तिपुरमा झन्डोत्तोलन गर्नुहुँदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ।**

*(तस्वीर : त्रिवि सूचना शाखा ।)*

काठमाडौं । प्रधानमन्त्री एवम् त्रिभुवन विश्वविद्यालयका कुलपति गिरिजाप्रसाद कोइरालाले उच्च शिक्षाको पहुँचलाई समान रूपमा देशभर पुऱ्याउन निर्देशन दिनुभएको छ ।

उहाँले त्रिभुवन विश्वविद्यालयको ४९औं वार्षिक दिवसका अवसरमा असार २७ गते कीर्तिपुरस्थित स्मृति भवनमा बसेको समीक्षा बैठकमा विश्वविद्यालयका पदाधिकारीहरूलाई सो निर्देशन दिनुभएको हो ।

उच्चशिक्षाको विकासबिना मुलुक अगाडि बढ्न नसक्ने बताउँदै उहाँले मुलुकको खासगरी पश्चिमतिर उच्चशिक्षा विस्तार हुन नसकेको तथ्यांकबाट देखिएकोले त्रिविले त्यस्तो असमानता हटाउनुपर्छ भन्नुभयो ।

*(बांकी अन्तिम पृष्ठमा)*

# शिक्षण अस्पताल २६ औं वर्षमा प्रवेश

काठमाडौं । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको २६ औं वार्षिक दिवस असार ३१ गते एक समारोहका बीच मनाइयो ।

जापान सरकारको सहयोगमा ३ सय शय्याबाट सुरु भएको मुलुककै पहिलो शिक्षण अस्पतालमा अहिले अन्तरंग सेवासहित कार्डियो भास्कुलर एण्ड किड्नी ट्रान्सप्लाण्ट केन्द्र, नाक, कान, घाँटी, प्रसुती, आँखा, दाँत, सामान्य चिकित्सा, हड्डी, मुटुलगायतको उपचार सुविधा उपलब्ध छन् भने निकट भविष्यमै ८ सय भन्दा बढी शय्या हुनेछ ।

वार्षिकोत्सव समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले एसिया महादेशमै उत्कृष्ट छवि बनाउन सफल त्रि.वि. शिक्षण अस्पताललाई अझ गुणस्तरीय एवम् साधनस्रोत सम्पन्न तुल्याउन त्रि.वि. सदैव लागिरहने बताउनुभयो ।

सभापतिको आसनबाट बोल्दै चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. अरुण सायमीले शिक्षण अस्पतालमा नयाँनयाँ सेवा र प्रविधिमार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनेतर्फ व्यवस्थापन पक्ष सदैव सचेत रहेको बताउनुभयो ।

नेपालका लागि जापानका राजदूत तात्सुओ मिजुनोले शिक्षण अस्पतालमा गरिएको जापानको लगानी सफल भएको बताउँदै नेपालको स्वास्थ्य क्षेत्रमा आफ्नो देशको लगानी निरन्तररूपमा जारी रहने विश्वास व्यक्त गर्नुभयो ।

सो अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेश खकुरेलले मुलुकमै दक्ष जनशक्ति उत्पादनका साथ सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा दिन सफल अस्पतालमा पछिल्लो समयमा बढिरहेको कर्मचारीको चाप र सरकारी सहयोग कटौतीका कारण व्यवस्थापन कार्य जटिल बन्दै गएको बताउनुभयो ।

कार्यक्रममा त्रि. वि. प्राध्यापक संघ क्याम्पस एकाइ महाराजगञ्जका सभापति डा.करवीरनाथ योगी र कर्मचारी एकाइका सभापति श्रीकृष्ण श्रेष्ठले आन्तरिकरूपमा सुधार गर्न सकिने व्यवस्थापन पक्षलाई उच्चप्राथमिकता दिई जनतालाई चुस्त र प्रभावकारी सेवा उपलब्ध गराउन अस्पताल व्यवस्थापनको विशेष ध्यान जानुपर्ने खाँचो औंल्याउनुभयो ।

चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको महाराजगञ्ज क्याम्पस, डीन कार्यालय र शिक्षण अस्पतालमा हाल चिकित्सक, नर्स र कर्मचारीसमेत गरी करिब एक हजार २ सय जनशक्ति कार्यरत रहेको डा. योगीले जानकारी दिनुभयो ।

वार्षिकोत्सव कार्यक्रममा उपकुलपति प्रा.डा. शर्माले क्याम्पसमा कार्यरत उत्कृष्ट कर्मचारीलाई पुरस्कार तथा अस्पतालमा सहयोग पुऱ्याउने विभिन्न व्यक्ति तथा संस्थालाई कदरपत्र प्रदान गर्नुभएको थियो ।

# विभिन्न पदहरूमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदहरूमा निम्नअनुसार नियुक्त गरेको छ :

| नाम | पद | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री प्रेमनारायण खनाल | सहायक डीन(शिक्षण) | वन विज्ञान अध्ययन संस्थान,पोखरा | २०६५।३।१२ |
| श्री जगतकुमार श्रेष्ठ | सहायक डीन(प्रशासन) | इन्जिनीयरिङ्ग अध्ययन संस्थान,पुल्चोक | ,, |
| श्री हरिदेव चौधरी | सहायक डीन(परीक्षा) | ,, | ,, |
| डा. विद्या किशोर राय | विभागीय प्रमुख | कानुन केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा. महेश दाहाल | प्रिन्सिपल (प्राचार्य) | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| श्री हरिहर भण्डारी | क्याम्पस प्रमुख | स्नातकोत्तर क्याम्पस,विराटनगर | ,, |
| श्री अनुज पराजुली | ,, | पूर्वाञ्चल क्याम्पस,धरान | ,, |
| श्रीमती इन्दिरा दली चापागाई | सह लाईब्रेरियन | आर्थिक वि.तथा प्र.अ.केन्द्र,कीर्तिपुर | २०६५।२।२२ |
| श्रीमती विणा वैद्य | ,, | त्रि.वि.केन्द्रीय पुस्तकालय, कीर्तिपुर | ,, |
| श्री गगन मान सिंह | सह प्रशासक | प्रिन्सिपलको कार्यालय,कीर्तिपुर | ,, |
| श्री मधुप्रसाद शर्मा ढुंगाना | ,, | परीक्षा नियन्त्रण कार्यालय,त्रि.वि.बल्खु | ,, |
| श्री सरोजकुमार शर्मा | ,, | योजना महाशाखा,त्रि.वि.कीर्तिपुर | ,, |
| श्री शान्तिराज कायस्थ | सह आर्थिक नियन्त्रक | आर्थिक प्रशासन महाशाखा,त्रि.वि.कीर्तिपुर | ,, |

# विश्वविद्यालयको काममा आर्थिक अभाव बाधक हुनुहुँदैन : *उपकुलपति*

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले उच्चशिक्षामा देशले जति लगानी गर्नुपर्ने हो त्यति नगरेकाले विश्वविद्यालय आर्थिक कठिनाइका साथ संचालन हुनु परेको बताउनुभएको छ ।



**त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा टिमुरको बोटमा जलसिचन गरी प्राकृतिक विज्ञान संग्रहालयको वार्षिकोत्सव समारोह उद्घाटन गर्नुहुँदै ।**

***(तस्वीर : त्रि.वि. सूचना शाखा ।)***

उहाँले उक्त कुरा प्राकृतिक विज्ञान संग्रहालयको ३३औं वार्षिकोत्सवको उपलक्ष्यमा साउन २ गते संग्रहालयमा आयोजित समारोहको उद्घाटन गर्दै बताउनुभएको हो ।

'विश्वविद्यालय ज्ञान दिने, अध्ययन अनुसन्धान गरी नयाँ नयाँ ज्ञान खोजी गर्ने संस्था भएकोले यसले गर्न खोज्ने काममा आर्थिक अभावले बाधा पुऱ्याउन हुँदैन'- उहाँले भन्नुभयो ।

त्रिविको यस संग्रहालयले बर्सेनि विदेशी संघ-संस्थाबाट वनस्पति तथा जीवका महत्त्वपूर्ण अवशेषहरू उपहारस्वरूप पाउने गर्नाले संग्रहालयको राष्ट्रिय र अन्तरराष्ट्रिय महत्त्व बढेको पनि उपकुलपति प्रा. डा. शर्माले बताउनुभयो ।

समारोहमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले विज्ञानका विद्यार्थी तथा यस विधामा अभिरुचि राख्ने सबैका लागि प्राकृतिक विज्ञान संग्रहालय महत्त्वपूर्ण केन्द्र रहेको बताउँदै विदेशमा यस खालका संग्रहालयले सम्बन्धित क्षेत्रमा नयाँ नयाँ कुराको अध्ययन गरेर पत्ता लगाउने र त्यसलाई प्याटेन्ट अधिकारमा सुरक्षित गर्ने काममा व्यापकता आइरहेको भए पनि नेपालमा हालसम्म यसतर्फको गति सुस्त रहेको बताउनुभयो ।

त्रिविका रजिस्ट्रार डा. भीमराज अधिकारीले संग्रहालयलाई प्रकृतिका पूँजीका रूपमा रहेका विभिन्न अवशेष संकलन गरी समृद्ध बनाउन सम्बद्ध वैज्ञानिकको योगदान प्रशंसनीय रहेको बताउँदै यस संग्रहालयलाई नारायणहिटी दरवारमा स्थानान्तरण गर्न सकेमा यसको महत्त्व झनै बढ्ने भएकाले यसका लागि त्रिविको केन्द्रीय व्यवस्थापनले सक्दो पहल गर्ने जानकारी दिनुभयो ।

वनस्पतिशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णकुमार श्रेष्ठले अनुसन्धान कार्यसमेत हुने यो संग्रहालय अन्य सामान्य संग्रहालयभन्दा फरक रहेकोले यसको निकायगत हैसियत स्पष्ट पारी यसलाई अनुसन्धान केन्द्रसरह बनाउनुपर्ने बताउनुभयो ।

संग्रहालयका प्रमुख डा.केशव श्रेष्ठले कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै यस प्राकृतिक विज्ञान संग्रहालयमा नेपालका विभिन्न जाति प्रजातिका वनस्पति र जीवका अवशेष (नमुना)हरूको संग्रह बढेर ५५ हजारभन्दा बढी पुगेको तर स्थान अभाव हुँदा ती प्राकृतिक सम्पदाहरूलाई वैज्ञानिक ढंगले सुरक्षित गरेर राख्न कठिनाई भएको बताउनुभयो ।

राष्ट्रिय संग्रहालय छाउनीबाट प्राकृतिक विज्ञान संग्रहालयलाई ८० वर्ष पुराना ३६६ वटा हर्बेरियम सहयोगस्वरूप प्राप्त भएको जानकारी दिँदै उहाँले बाँस प्रजातिमा अचम्म मानिने ठूलो फल लाग्ने फिलिंगे बाँसको फल पनि नेपालमै पहिलो पल्ट यस संग्रहालयमा संकलन भइसकेको बताउनुभयो ।

नेपाल सरकारको वनस्पति विभागका प्रमुख डा. लोकेन्द्रराज शर्मा र संग्रहालयका पूर्वप्रमुख पूर्णनाथ मिश्रले पनि बोल्नुभएको सो समारोहमा संग्रहालयका पुष्पकेशरी श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सोही समारोहमा संग्रहालयद्वारा प्रकाशित जर्नलको उपकुलपति प्रा.डा. शर्मा, शिक्षाध्यक्ष प्रा.डा. अमात्य र रजिष्ट्रार डा. अधिकारीले संयुक्तरूपमा विमोचन गर्नुभएको थियो ।

त्यसअघि सो जर्नलबारे संग्रहालयका वैज्ञानिक भैया खनालले प्रकाश पार्नुभएको थियो ।

सभापछि उपकुलपति प्रा.डा. शर्माले संग्रहालय हातामा रहेको स्वयम्भू वातावरणीय उद्यानमा टिमुरको वृक्षरोपण कार्यको शुभारम्भ गर्नुभएको थियो ।

# संविधान निर्माणको चुनौतीबारे सिनासमा गोष्ठी

काठमाडौं । नेपाल तथा एशियाली अनुसन्धान केन्द्र (सिनास) ले आयोजना गरेको एकदिने छलफल गोष्ठी असार १६ गते सम्पन्न भएको छ ।

गोष्ठीमा राजनीतिशास्त्रका प्रा. कृष्णप्रसाद खनाल तथा डा. कृष्ण हाछेथुले संयुक्त रूपमा 'नेपालः संविधानसभा निर्वाचन र संविधान निर्माणको चुनौती' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

केन्द्रका प्रा.डा. नोवलकिशोर राईको अध्यक्षता सम्पन्न सो गोष्ठीमा सिनासका कार्यकारी निर्देशक प्रा.डा. यज्ञप्रसाद अधिकारीले विषय-सन्दर्भ प्रस्तुत गर्नुभएको थियो भने कार्यपत्रमाथि विभिन्न राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि तथा विशिष्ट प्राज्ञ व्यक्तित्वहरूबाट गहन छलफल एवं सुझाव प्रस्तुत गरिएको थियो ।

देशको वर्तमान राजनैतिक परिवेशलाई ध्यानमा राखी आयोजना गरिएको उक्त गोष्ठीमा सयभन्दा बढी विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो ।




**सिनासद्वारा आयोजित गोष्ठीमा सहभागीहरू ।**

**(तस्वीर साभार सिनास)**

# अनुसन्धान विधि प्रशिक्षण सम्पन्न

नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास) ले विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा त्रि.वि.का विभिन्न क्याम्पसमा अध्यापनरत मानविकी तथा सामाजिकशास्त्रका शिक्षकहरुका लागि संचालन गरेको अनुसन्धान विधि प्रशिक्षण कार्यक्रम असार १४ गते सम्पन्न भएको छ ।

असार ८ देखि सुरू भएको उक्त कार्यक्रमको उद्घाटन समारोहमा सिनासका कार्यकारी निर्देशक प्रा.डा. यज्ञप्रसाद अधिकारीले कार्यक्रमका सहभागी तथा अतिथिहरुलाई स्वागत गर्नु भएको थियो ।

प्रशिक्षण कार्यक्रममा सिनास तथा त्रि.वि. का अन्य निकायका सम्बन्धित शिक्षकहरुले अनुसन्धान विधिका विभिन्न पक्षमा प्रशिक्षण दिनु भएको थियो । ७ दिने उक्त कार्यक्रम सिनासका सह प्रा.डा. पंचनारायाण महर्जनको संयोजकत्वमा संचालन भएको थियो ।

# परीक्षा समिति सदस्यमा मनोनयन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५०अनुसार त्रि.वि. केन्द्रीय परीक्षा संचालक समितिको सदस्यमा विभिन्न ५ जनालाई २०६५ जेठ १२ गतेदेखि लागु हुने गरी २ वर्षको लागि मनोनयन गरेको छ ।

मनोनयन हुनेमा मानविकी तथा सामाजिकशास्त्र संकायका डीन प्रा.डा. नवराज कंडेल, नेपाल ल क्याम्पसका प्रमुख कृष्ण बेलबासे, मदन भण्डारी मेमोरियल कलेजका प्रमुख चैतन्य शर्मा, शिक्षाशास्त्र केन्द्रीय विभागका सह प्रा. विजयबहादुर सिलवाल र अर्थशास्त्र केन्द्रीय विभागका उप प्रा. भरत पोखेल हुनुहुन्छ ।

# पाकिस्तानद्वारा सहयोग

काठमाडौं । पाकिस्तानी राजदूत सैद हुसेनले नेपाल र एसियाली अनुसन्धान केन्द्रका लागि २ थान ल्यापटप कम्प्युटर र १ थान मल्टीमिडिया प्रोजेक्टर सहयोगस्वरूप प्रदान गरेको छ ।

ती उपकरणहरू राजदूत हुसेनले त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मालाई असार ६ गते हस्तान्तरण गर्नुभएको थियो ।

# अनुरोध

मासिक प्रकाशन त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# कर्मचारीको सेवाकालीन तालिम सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार डा. भीमराज अधिकारीले त्रिविका सहायक प्रशासक र हेड असिस्टेन्टहरूका लागि आयोजित सेवाकालीन तालिमका तालिम कार्यक्रममा त्रिवि केन्द्रीय कार्यालयअन्तर्गत विभिन्न निकायमा कार्यरत सहायक प्रशासक तथा हेड असिस्टेन्टहरू सहभागी रहेका थिए ।



**त्रि.वि.का कर्मचारीहरूका लागि आयोजित सेवाकालीन तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै रजिस्ट्रार डा. भीमराज अधिकारी ।**
*(तस्वीरः त्रि.वि. सूचना शाखा)*

सहभागीहरूलाई असार २६ गते एक समारोहका बीच प्रमाणपत्र वितरण गर्नुभयो ।

त्रिवि जनशक्ति विकास तथा कल्याण परिषद् र आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र(सेडा) को संयुक्त तत्वावधानमा आयोजित दुई हप्ते सो समापन समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै रजिस्ट्रार डा. अधिकारीले कर्मचारीहरूले हाल गरिरहेका कामलाई अझ आत्मविश्वासका साथ सम्पन्न गर्न यस्ता सेवाकालीन तालिमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

त्रिविलाई पारदर्शी तवरले संचालन गर्ने नीति आफूहरूको रहेको बताउँदै उहाँले आर्थिकरूपले त्रिवि सरकारी अनुदानमा पूर्णतः निर्भर रहेकोले सरकारले बजेट कटौती गर्दा त्रिवि संकटमा पर्ने गरेको गर्नुभयो ।

कार्यक्रममा सभापतिको आसनबाट बोल्दै सेडाका निमित्त कार्यकारी निर्देशक डा. हरिध्वज पन्तले एकचोटी तालिम लिइसकेकाका लागि त्यसको अनुगमन तालिम पनि संचालन हुनुपर्नेमा हाल त्यस्तो व्यवस्था हुन नसकेकोले यसतर्फ सोच्नुपर्ने बताउनुभयो ।

अतिथिको आसनबाट बोल्दै त्रिवि समन्वय महाशाखाका प्रमुख भोलाप्रसाद ढकालले शिक्षा र सिद्धान्तले भन्दा बढी ज्ञान, सीप र व्यावहारिकता तालिमबाट सिकिने भएकाले यसको अलग्गै महत्त्व हुने बताउनुभयो ।

समापन समारोहमा सहायक प्रशासकका तालिम संयोजक राधेश्याम अधिकारी, हेड असिस्टेन्टका तालिम संयोजक श्रीमती शकिला सिंहले तालिम कार्यक्रमबारे प्रकाश पार्नुभएको थियो भने सहभागी सहायक प्रशासकहरूका तर्फबाट ठाकुर शर्मा पौडेल र हेड असिस्टेन्टका तर्फबाट श्रीमती रेणुका थापा बस्नेतले आफ्नो आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा वसन्तकुमार थापाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका सहायक क्याम्पस प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | क्याम्पस | नियुक्ति लागु मिति |
|---|---|---|
| श्री मङ्गलप्रसाद सापकोटा | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | २०६५।४।१ |
| डा. रामनारायण झा | ,, | ,, |
| श्री शंकर भण्डारी | ,, | ,, |
| श्रीमती मीना गुरूङ | ,, | ,, |
| श्री पोषरमण चापागाई | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६५।२।२८ |
| श्री ज्वाला तुलाधर | ,, | ,, |
| श्री इला श्रेष्ठ | ,, | ,, |
| श्री पारसमणि आचार्य | ,, | २०६५।२।२९ |

# सह प्राध्यापकमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई सह प्राध्यापक पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री उमानाथ रिजाल | भूगोल | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०६४।१२।१८ |
| श्री सूर्यकुमार राई | ,, | ,, | ,, |
| श्री सुनिलकुमार पौड्याल | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | ,, |
| श्री कृष्णलाल जोशी | ,, | ,, | ,, |
| श्री रोशना थापा महत | ,, | ,, | ,, |
| श्री कमलमैया प्रधान | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| श्री दुर्गाप्रसाद दाहाल | ,, | ,, | ,, |
| श्री श्रीकृष्ण दर्शनधारी | ,, | ,, | ,, |
| श्री कृष्णप्रसाद वसन्त खनाल | ,, | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| श्री सत्यनारायण मिश्र | ,, | रामस्वरुप रामसागर ब.क्याम्पस,जनकपुर | ,, |
| श्री उपेन्द्र महरान | ,, | ,, | ,, |
| श्री नारद अवस्थी | ,, | डोटी बहुमुखी क्याम्पस,डोटी | ,, |
| श्री रामचन्द्र पौड्याल | ,, | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | ,, |
| श्री निरञ्जनप्रसाद अर्याल | ,, | ,, | ,, |
| श्री माधवप्रसाद घिमिरे | ,, | ,, | ,, |
| श्री हरिश श्रेष्ठ | ,, | ,, | ,, |
| श्रीमती कृष्णा शर्मा उपाध्याय | ,, | ,, | ,, |
| श्री शम्भुमणी भण्डारी | ,, | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | ,, |
| श्री रामलाल श्रेष्ठ | ,, | ,, | ,, |
| श्री चन्द्रनाथ अधिकारी | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री ताराराज खनाल | ,, | ,, | ,, |
| श्री विष्णुप्रसाद अधिकारी | ,, | ,, | ,, |
| श्री प्रेमबल्लभ पाण्डे | ,, | ,, | ,, |
| श्री राजेन्द्र ठाकुर | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | ,, |
| श्री रामऔतार यादव | ,, | ,, | ,, |
| श्री गणेश कोइराला | ,, | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | ,, |
| श्री कपिलदेव यादव | ,, | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | ,, |
| श्री देवनारायण चौधरी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| श्री देवमणी गौतम | ,, | ,, | ,, |
| श्री ज्ञानेश्वर अमात्य | ,, | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, |
| श्री श्रीराज जोशी | ,, | ,, | ,, |
| श्री सुवर्णमान अमात्य | ,, | ,, | ,, |
| श्री मुकुन्दप्रसाद जोशी | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| डा.शकुन्तला शुक्ला(उपाध्याय) | ,, | ,, | ,, |
| श्री किशोरबज्र बज्राचार्य | ,, | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | ,, |
| श्री खड्गप्रसाद राई | भूगोल शिक्षा | महेन्द्ररत्न क्याम्पस,ताहाचल | ,, |
| श्री उत्तमराज भट्टराई | ,, | ,, | ,, |

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री रैन राजभण्डारी | भूगोल शिक्षा | सानोठिमी क्याम्पस,सानोठिमी | २०६४।१२।१८ |
| श्री नेत्रप्रसाद धिताल | " | महेन्द्ररत्न क्याम्पस,ताहाचल | " |
| श्री पूर्णमान महर्जन | " | " | " |
| श्री रमेशमान कर्माचार्य | " | " | " |
| श्री अनुपकुमार श्रेष्ठ | " | " | " |
| श्री कलाधर पौडेल | " | " | " |
| श्री रामेश्वरप्रसाद शर्मा भट्ट | " | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | " |
| श्री नारायणप्रसाद भुसाल | " | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | " |
| डा. डिल्लीराज गौतम | " | " | " |
| श्री नरेशचन्द्र श्रेष्ठ | अंग्रेजी | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६४।१२।२४ |
| श्री प्रस्तुन प्रधान | " | पुल्चोक क्याम्पस,पुल्चोक | " |
| श्री वैद्यनाथ मिश्र | " | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | " |
| श्री अरुणकुमार प्रसाद तेली | " | " | " |
| श्री दिपकरत्न शाक्य | " | शंकरदेव क्याम्पस,रामशाहपथ | " |
| श्री जयकिशोर ओझा | " | रामस्वरुप रा.ब.क्याम्पस,जनकपुर | " |
| श्री बालकेश्वर ठाकुर | " | " | " |
| श्री वैद्यनाथ झा | " | " | " |
| श्री गंगाराम राय | " | " | " |
| श्री जुगेश्वरलाल दास | " | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | " |
| श्री रामनारायण यादव | " | " | " |
| श्री दुर्गाप्रसाद ढुंगाना | " | नेपाल कमर्श क्याम्पस,मीनभवन | " |
| श्री शंकरप्रसाद वस्ताकोटी | " | " | " |
| श्री वेतसी देवी क्षेत्री | " | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | " |
| श्री शम्भुप्रसाद भट्टराई | " | " | " |
| श्री अनुसूया मानन्धर | " | " | " |
| श्रीमती मञ्जु गुरूङ्ग | " | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | " |
| श्री राम रिसाल | " | पब्लिकयुथ क्याम्पस,धोवीचौर | " |
| श्री इन्द्रप्रसाद सापकोटा | " | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | " |
| श्री प्रोमिला अधिकारी | " | अमृत क्याम्पस,लैनचौर | " |
| श्री दिलबहादुर साहनी | " | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | " |
| श्री मधुसुदन यादव | " | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | " |
| श्री विजया आङ्गदेम्बे (लिम्बु) | " | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | " |
| श्री केशवप्रसाद गौतम | " | " | " |
| श्री कृष्णकुमार बस्नेत | " | " | " |
| श्री सिमन गौतम | " | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | " |
| श्री अबधेसकुमार झा | " | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगंज | " |
| श्री गोपालप्रसाद पौडेल | " | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्री रूपमती बज्राचार्य | " | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | " |
| श्री प्रदिपमान तुलाधर | " | त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर | " |
| श्री महेन्द्रध्वज राना | अंग्रेजी शिक्षा | महेन्द्ररत्न क्याम्पस,ताहाचल | " |
| श्रीमती मिना कार्की | " | " | " |
| श्रीमती मिरा श्रेष्ठ | " | " | " |

(बांकी अर्को अंकमा)

# विशिष्ट सेवा पुरस्कार पाउनेहरूको नामावली

**त्रिभुवन विश्वविद्यालयको ४९ औं वार्षिक दिवसको उपलक्ष्यमा विशिष्ट सेवा पुरस्कारबाट पुरस्कृत हुने शिक्षक/कर्मचारीहरूको नामावलीः**

**शिक्षक तर्फः**

| क्र.सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | प्रा. डा. गजानन्द अग्रवाल | प्राध्यापक | अर्थशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर |
| २. | प्रा. डा. प्रदीप खड्का | प्राध्यापक | ग्रामीण विकास केन्द्रीय विभाग, कीर्तिपुर |
| ३. | प्रा. डा. देवराज अधिकारी | प्राध्यापक | व्यवस्थापन केन्द्रीय विभाग, कीर्तिपुर |
| ४. | प्रा.डा. जीवनकुमार श्रेष्ठ | प्राध्यापक | वि. पी. कोईराला नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज । |
| ५. | श्री विष्णुप्रसाद घिमिरे | सह प्राध्यापक | बीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर |
| ६. | श्री ज्ञानेश्वर अमात्य | सह प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका |
| ७. | डा. केशवकुमार श्रेष्ठ | सह प्राध्यापक | समाज/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर |
| ८. | श्री शिवप्रसाद ज्ञवाली | सह प्राध्यापक | बुटवल बहुमुखी क्याम्पस, बुटवल |
| ९. | श्री रामहरी पोखरेल | सह प्राध्यापक | महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस,विराटनगर |
| १०. | श्री कृष्ण अर्याल | सह प्राध्यापक | पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा |
| ११. | श्री गोपालप्रसाद अधिकारी | सह प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज |
| १२. | श्री दिवाकर पोखरेल | सह प्राध्यापक | नेपाल कमर्श क्याम्पस, मीनभवन , |
| १३. | डा. शिवलाल महर्जन | सह प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर |
| १४. | डा. जयराज पन्त | सह प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार |
| १५. | श्री खगेन्द्र भट्टराई | सह प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका |
| १६. | डा. हरी भट्टराई | सह प्राध्यापक | चि.शा. अ.सं., महाराजगञ्ज क्याम्पस, महाराजगञ्ज |
| १७. | डा. कृष्णकुमार वली | सह प्राध्यापक | चि.शा. अ.सं., महाराजगञ्ज क्याम्पस, महाराजगञ्ज |
| १८. | श्रीमती गीता रेग्मी | सह प्राध्यापक | पाठ्यक्रम विकास केन्द्र, त्रि. वि. कीर्तिपुर |
| १९. | सुश्री रुक्मिणी मास्के | उप प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान |
| २०. | श्री भवेन्द्र खड्का | उप प्राध्यापक | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा |
| २१. | श्री शङ्करप्रसाद भण्डारी | उप प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका |
| २२. | श्री शिवनारायण यादव | उप प्राध्यापक | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज |
| २३. | श्री हर्क सुब्बा | उप प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान |
| २४. | श्री एकनारायण पौडेल | उप प्राध्यापक | बीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर |
| २५. | श्री बुद्धबहादुर थापा | उप प्राध्यापक | बुटवल बहुमुखी क्याम्पस, बुटवल |
| २६. | श्री कमलबहादुर रायमाझी | उप प्राध्यापक | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा |
| २७. | श्री देवेन्द्र झा | उप प्राध्यापक | रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुर |
| २८. | श्रीमती सविता वैद्य | उप प्राध्यापक | पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा |
| २९. | श्रीमती तक्मा के.सी. | उप प्राध्यापक | नर्सिङ्ग क्याम्पस, महाराजगञ्ज |
| ३०. | श्री विष्णुप्रसाद खनाल | उप प्राध्यापक | सुर्खेत शिक्षा क्याम्पस, सुर्खेत |
| ३१. | श्री चन्द्रलाल गुरुङ्ग | प्रशिक्षक | इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक |

**कर्मचारी तर्फः**

| | | | |
|---|---|---|---|
| १. | श्री दिनेशराज विष्ट | उप प्रशासक | कृ.प.अ.सं., रामपुर क्याम्पस, रामपुर |
| २. | श्री रामबहादुर पाण्डे | उप प्रशासक | शिक्षाध्यक्षको कार्यालय, त्रि. वि. कीर्तिपुर |

| क्र.सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| ३. | श्री हेमबहादुर खत्री | उप प्रशासक | कर्मचारी प्रशासन महाशाखा, केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ४. | श्री कुमारप्रसाद हुमागाई | लेखा नियन्त्रक | ऋण सापटी शाखा, केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ५. | श्री ध्रुव सापकोटा | लेखा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय, त्रि. वि. बल्खु |
| ६. | श्री जवाहरभाई प्रजापति | लेखा नियन्त्रक | आर्थिक प्रशासन महाशाखा, केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ७. | श्री कृष्णप्रसाद पण्डीत | उप प्रशासक | बीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर |
| ८. | श्री नारायणप्रसाद खनाल | का. सल्लाहाकार | प्रमुख कानूनी सल्लाहकारको कार्यालय, त्रि. वि. कीर्तिपुर |
| ९. | श्री गुणिन्द्ररत्न बज्राचार्य | लेखा अधिकृत | व्यवस्थापन डीनको कार्यालय, त्रि. वि. कीर्तिपुर |
| १०. | श्री अमृत विश्वकर्मा | सहायक प्रशासक | परीक्षा नियन्त्रण कार्यालय, त्रि. वि. बल्खु |
| ११ | श्री शोभा गुरुङ्ग | सिष्टर | त्रि. वि. शिक्षण अस्पताल, महाराजगञ्ज |
| १२. | श्री हेमराज न्यौपाने | लेखापाल | निरीक्षण महाशाखा, केन्द्रीय कार्यालय, त्रि. वि. कीर्तिपुर |
| १३. | श्रीमती गंगा क्षेत्री | हेड असिष्टेण्ट | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज |
| १४. | श्री भीमप्रसाद राई | हेड असिष्टेण्ट | भोजपुर बहुमुखी क्याम्पस, भोजपुर |
| १५. | श्रीमती निरजा पोखरेल | हेड असिष्टेण्ट | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार |
| १६. | श्री डिलबहादुर मल्ल | भण्डारपाल | बुटवल बहुमुखी क्याम्पस, बुटवल |
| १७. | श्री रोहिणी श्रेष्ठ | हेड असिष्टेण्ट | नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग |
| १८. | श्री मीनबहादुर ठगुन्ना | ल्याव असिष्टेण्ट | सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर |
| १९. | श्री बुद्धीलाल महर्जन | टाईपिष्ट “ख” | इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक |
| २०. | श्री बालमुकुन्द रिजाल | टाईपिष्ट “ख” | रजिष्ट्रारको कार्यालय, त्रि. वि. कीर्तिपुर |
| २१. | श्री महम्मद सरिफ | टाईपिष्ट “ख” | सू. ना. स. ना. मो. या. ब.क्या. सिरहा |
| २२. | श्रीमती रोहिणीलक्ष्मी श्रेष्ठ | टाईपिष्ट “ख” | त्रि.वि. सभा तथा कार्यकारी परिषदको कार्यालय, कीर्तिपुर |
| २३. | श्रीमती देवकी श्रेष्ठ | टाईपिष्ट “ग” | सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग |
| २४. | श्री विपीन उपाध्याय | असिष्टेण्ट | त्रि. वि. शिक्षण अस्पताल, महाराजगञ्ज |
| २५. | श्रीमती दीपा पाण्डे | टाईपिष्ट “ग” | परीक्षा नियन्त्रण कार्यालय, बल्खु |
| २६. | श्री रमेश आचार्य | सहा. भण्डारपाल | वि.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज |
| २७. | श्री शम्भु भुर्तेल | सहा. भण्डारपाल | मेची बहुमुखी क्याम्पस, भद्रपुर |
| २८. | श्री हरेकृष्ण ठाकुर | सहा. भण्डारपाल | रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, जनकपुर |
| २९. | श्री विष्णु लामिछाने | ड्राईभर | उपकुलपतिको कार्यालय, त्रि. वि. केन्द्रीय कार्यालय,कीर्तिपुर |
| ३०. | श्री जगदीश जोशी | ड्राईभर | शिक्षाध्यक्षको कार्यालय, त्रि. वि. केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ३१. | श्री दशरथ थापा | ड्राईभर | रजिष्ट्रारको कार्यालय, त्रि. वि. केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ३२. | श्री शम्भु श्रेष्ठ | ड्राईभर | त्रि. वि. छापाखाना, कीर्तिपुर |
| ३३. | श्री सुवे सिं स्याङतान | ड्राईभर | सामान्य प्रशासन महाशाखा, त्रि. वि. कीर्तिपुर |
| ३४. | श्री सूर्य योञ्जन | ड्राईभर | परीक्षा नियन्त्रण कार्यालय, बल्खु |
| ३५. | श्री सोमबहादुर लामा | ड्राईभर | त्रि. वि. शिक्षण अस्पताल, महाराजगञ्ज |
| ३६. | श्री सानुकान्छा खड्का | सि. पियन | सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग |
| ३७. | श्री नरबहादुर बोहोरा | सि. पियन | सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर |
| ३८. | श्री कृष्णप्रसाद लम्साल | चौकीदार | आयुर्वेद क्याम्पस, कीर्तिपुर |
| ३९. | श्री रामजी अधिकारी | खलासी | कृ.प.अ.सं., रामपुर क्याम्पस, रामपुर |
| ४०. | श्री हरीहर सापकोटा | पियन | सामान्य प्रशासन महाशाखा, त्रि. वि. केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ४१. | श्री रुक्मिणी लाल | पियन | ब.वि.अ.सं., हेटौंडा क्याम्पस, हेटौंडा |
| ४२. | श्री मनोजकुमार चौधरी | पियन | इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक |
| ४३. | श्री जोगलाल महर्जन | पियन | पाटन संयुक्त क्याम्पस, पाटनढोका |
| ४४. | श्री मैते तामाङ्ग | पियन | उपकुलपतिको कार्यालय, त्रि.वि. केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ४५. | श्री मचाभाई | कुचिकार | त्रि. वि. केन्द्रीय कार्यालय, कीर्तिपुर |
| ४६. | श्री सनिराज दराई | गोठालो | कृ.प.अ.सं., रामपुर क्याम्पस, रामपुर |

# विभिन्न क्याम्पसमा कार्यक्रम थप्न स्वीकृति

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निम्न क्याम्पसहरूलाई निम्न संकायअन्तर्गत निम्न कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरेको छ :

| | क्याम्पसको नाम तथा ठेगाना | संकाय | कार्यक्रम |
|---|---|---|---|
| ❖ | श्री जन आदर्श क्याम्पस,ठिमी,भक्तपुर | व्यवस्थापन | बी..बी.एस. |
| ❖ | श्री नवलपुर बहुमुखी क्याम्पस,अग्यौली,नवलपरासी | ,, | ,, |
| ❖ | श्री सेन्ट लरेन्स कलेज,चावहिल,काठमाडौं | ,, | ,, |
| ❖ | श्री न्यू क्यापिटल कलेज,रत्ननगर,चितवन | ,, | ,, |
| ❖ | श्री घोडाघोडी बहुमुखी क्याम्पस,सुखड,कैलाली | ,, | ,, |
| ❖ | श्री ग्रामसेवा कलेज,धर्मस्थली-३, काठमाडौं | ,, | ,, |
| ❖ | श्री सूर्यभक्त पतनादेवी मेमोरियल कलेज,गैडाकोट,नवलपरासी | ,, | ,, |
| ❖ | श्री मध्यविन्दु बहुमुखी क्याम्पस,कावासोती, नवलपरासी | मानविकी तथा सामाजिकशास्त्र | बी.ए. |
| ❖ | श्री सेन्ट लरेन्स कलेज,चावहिल,काठमाडौं | ,, | ,, |
| ❖ | श्री घोडाघोडी बहुमुखी क्याम्पस,सुखड,कैलाली | ,, | ,, |
| ❖ | श्री नवलपुर बहुमुखी क्याम्पस,अग्यौली,नवलपरासी | शिक्षाशास्त्र संकाय | तीन वर्षे बी.एड |
| ❖ | श्री निशिभुजी जनता क्याम्पस,वुर्तिवाड-१, बाग्लुङ्ग | ,, | ,, |
| ❖ | श्री पासाङ ल्हामु शेर्पा मेमोरियल कलेज, गोंगबु,काठमाडौं | ,, | ,, |
| ❖ | श्री ग्रामसेवा कलेज,धर्मस्थली-३,काठमाडों | ,, | ,, |
| ❖ | श्री सूर्यभक्त पतनादेवी मेमोरियल कलेज,गैडाकोट,नवलपरासी | ,, | ,, |
| ❖ | श्री मङ्गल बहुमुखी क्याम्पस,कीर्तिपुर, काठमाडौं | ,, | ,, |
| ❖ | श्री राममणि बहुमुखी क्याम्पस,आनन्दवन-३, मणिग्राम,रूपन्देही | ,, | एक वर्षे बी.एड. |
| ❖ | श्री नेपाल कलेज अफ ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट,भगवतीमार्ग, नक्साल,काठमाडौं | व्यवस्थापन | एम.टि.एम. |
| ❖ | श्री दिव्यज्योति बहुमुखी क्याम्पस,चिसापानी,नवलपरासी | ,, | एम.बी.एस. |
| ❖ | श्री सिद्धनाथ बहुमुखी क्याम्पस,महेन्द्रनगर,कञ्चनपुर | ,, | ,, |
| ❖ | श्री ग्रामिण आदर्श बहुमुखी क्याम्पस,नेपालटार,बालाजु,काठमाडौं | मानविकी तथा सामाजिकशास्त्र | एम.ए. |
| ❖ | श्री सिद्धनाथ बहुमुखी क्याम्पस,महेन्द्रनगर,कञ्चनपुर | ,, | ,, |
| ❖ | श्री सेन्ट जेभियर्स कलेज,माइतीघर,काठमाडौं | विज्ञान तथा प्रविधि अ.सं. | एम.एस्सी. |
| ❖ | श्री कान्तिपुर कलेज अफ मेडिकल साइन्स,सितापाइला,काठमाडौं | ,, | ,, |
| ❖ | श्री कैलाली बहुमुखी क्याम्पस,धनगढी | शिक्षाशास्त्र | एम.एड. |
| ❖ | श्री बरुण बहुमुखी क्याम्पस,संखुवासभा,खांदवारी | ,, | ,, |
| ❖ | श्री मनमोहन मेमोरियल कलेज,सोह्खुट्टे,नयाँबजार,काठमाडौं | ,, | ,, |
| ❖ | श्री ग्रामिण आदर्श बहुमुखी क्याम्पस,नेपालटार,बालाजु,काठमाडौं | ,, | ,, |
| ❖ | श्री सिद्धार्थ क्याम्पस,वाणगंगा,कपिलवस्तु | ,, | ,, |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छ:

| शिक्षकको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री विष्णुप्रसाद शर्मा | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६५।३।१७ |
| श्री मदनमोहन प्रधान | पुल्चोक क्याम्पस,पुल्चोक | प्राध्यापक | २०६५।३।२१ |
| डा. ऋषिकेशव राज रेग्मी | समाजशास्त्र मानवशास्त्र के.विभाग,कीर्तिपुर | प्राध्यापक | २०६५।५।१६ |
| श्री अन्जिरमान प्रधान | पब्लिकयुथ क्याम्पस,धोबिचौर | प्राध्यापक | २०६५।६।१५ |
| श्री न्हुच्छेरत्न तुलाधर | महाराजगंज क्याम्पस,महाराजगंज | प्राध्यापक | २०६५।६।१९ |
| श्रीमती कमला तुलाधर | नर्सिङ क्याम्पस,महाराजगंज | प्राध्यापक | २०६५।७।३० |
| श्रीमती सावित्रीदेवी प्रधान | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सह प्राध्यापक | २०६५।३।१७ |
| श्रीमती सावित्री अर्याल | पाटन संयुक्त क्याम्पस,पाटनढोका | सह प्राध्यापक | २०६५।४।१ |
| श्री बासुकीनाथ सिंह | महेन्द्र मो.आ.ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६५।४।६ |
| श्री राधा बज्राचार्य | पाटन संयुक्त क्याम्पस,पाटनढोका | सह प्राध्यापक | २०६५।४।१२ |
| श्री दिनेशराज चापागाई | महेन्द्र मो.आ.ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६५।४।२६ |
| श्री नारायण हरि शर्मा | महेन्द्र मो.आ.ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६५।४।२७ |
| श्रीमती लता थापा | नर्सिङ्ग क्याम्पस,महाराजगंज | सह प्राध्यापक | २०६५।४।२७ |
| श्रीमती कृष्णा प्रधान | सरस्वती बहुमुखी क्याम्पस, लैनचौर | सह प्राध्यापक | २०६५।५।१८ |
| श्री सर्वाधिस राजभण्डारी | आर्थिक विकास तथा प्र.अ.केन्द्र,कीर्तिपुर | सह प्राध्यापक | २०६५।५।२६ |
| श्री शान्ती वस्नेत | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | सह प्राध्यापक | २०६५।६।२७ |
| श्री रमेश शाक्य | अमृत क्याम्पस, लैनचौर | सह प्राध्यापक | २०६५।७।६ |
| श्री सोमशेखर अडिगा | पुल्चोक क्याम्पस,पुल्चोक | सह प्राध्यापक | २०६५।७।१६ |
| डा. कृष्णचन्द्र श्रेष्ठ | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सह प्राध्यापक | २०६५।९।६ |
| श्री मोहमद हरूण अन्सारी | पाटन संयुक्त क्याम्पस,पाटनढोका | उप प्राध्यापक | २०६५।३।१७ |
| श्री गोपालप्रसाद उपाध्याय | महेन्द्र बहुमुखी क्याम्पस,धरान | उप प्राध्यापक | २०६५।४।२५ |
| श्री सहदेव प्रजापती | सानोठिमी क्याम्पस,सानोठिमी | उपप्राध्यापक | २०६५।५।१६ |
| श्री वासुदेव मास्के | केन्द्रीय प्रविधि क्याम्पस,धरान | उप प्राध्यापक | २०६५।६।७ |
| श्री सुनिलकुमार सिन्हा | महेन्द्र मो.आ.ब.क्याम्पस,विराटनगर | उप प्राध्यापक | २०६५।६।१५ |
| श्री लक्ष्मीबहादुर मानन्धर | थापाथली क्याम्पस,थापाथली | उप प्राध्यापक | २०६५।६।२९ |
| श्री माधवप्रसाद उपाध्याय | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | उप प्राध्यापक | २०६५।७।१६ |
| श्रीमती सीता रावल (कार्की) | सानोठिमी क्याम्पस,सानोठिमी | उप प्राध्यापक | २०६५।७।२५ |
| श्रीमती बुनु अर्याल | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | उप प्राध्यापक | २०६५।८।९ |
| श्रीमती कमला प्याकुरेल | आर्थिक विकास तथा प्र.अ.केन्द्र,कीर्तिपुर | उपप्रशासक | २०६५।३।२० |
| श्री गोपालभक्त खर्वुजा | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | लेखा अधिकृत | २०६५।३।१३ |
| श्रीमती रामलक्ष्मी धौभडेल | शिक्षण अस्पताल,महाराजगंज | नर्सिङ्ग सुपरभाइजर(मेट्रोन) | २०६५।२।२१ |
| श्री रामकृष्ण मालाकार | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सहायक प्रशासक | २०६५।३।१५ |
| श्री काशिनाथ देवकोटा | रामपुर क्याम्पस,रामपुर | प्रोपर्टीमेनेजमेन्ट अफिसर | २०६५।३।२५ |

**उच्चशिक्षामा समान पहुँच.........**

प्रधानमन्त्री कोइरालाको अध्यक्षतामा बसेको सो समीक्षा बैठकमा त्रिविका गतिविधिबारे जानकारी दिइएको थियो । बैठकमा त्रिविका सहकुलपति एव शिक्षामन्त्री प्रदीप नेपाल, उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा, त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की, शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य, रजिस्ट्रार डा. भीमराज अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

बैठकअघि प्रधानमन्त्रीले स्मृति भवनको हातामा राष्ट्रिय तथा त्रिविको झन्डोत्तोलन गर्नुभएको थियो । मुलुकमा गणतन्त्र स्थापनापछि कुलपतिका हैसियतमा राष्ट्राध्यक्ष एवं प्रधानमन्त्रीबाट झन्डोत्तोलन भएको यो पहिलो अवसर हो ।

त्यसपछि स्मृति भवनकै हातामा आयोजित वार्षिक दिवस समारोहलाई सम्बोधन गर्दै त्रिविका सहकुलपति एवं शिक्षामन्त्री प्रदीप नेपालले शिक्षाको समुन्नत विकासका लागि नवीन सोचका साथ नयाँ पाठ्यक्रम अपरिहार्य हुने र त्यसले लोकतन्त्रलाई व्यवस्थित र मर्यादित बनाउन सहयोग पुर्‍याउने बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले सभापतिको आसनबाट बोल्दै ४९औं वार्षिक दिवस मनाएको त्रिवि देशको लागि सबैभन्दा पुरानो विश्वविद्यालय भए पनि विश्वमा योभन्दा पुराना धेरै विश्वविद्यालय छन् र विश्वभरिका विद्यार्थीलाई त्रिविमा पढ्न आउन आकर्षित गर्न सकेमा नै यस विश्वविद्यालयको महत्त्व विश्वमा अझ बढ्ने बताउनुभयो ।

मुलुकमा लोकतन्त्र स्थापना गर्न बौद्धिक तथा प्राज्ञिक वर्गले पुर्‍याएको अतुलनीय योगदानको पनि उपकुलपति प्रा.डा. शर्माले चर्चा गर्नुभयो ।

त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले क्याम्पस र विद्यार्थी संख्याको आधारमा मात्र नभइ कार्यक्रमका दृष्टिकोणले समेत देशकै विशाल त्रिविका अगाडि चुनौतीहरू थपिँदै गएको बताउनुभयो ।

समारोहमा शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले कृष्णचन्द्र रेग्मी पुरस्कार पाउने विद्यार्थीहरूको नाम घोषणा गर्नुभएको थियो ।

नेपालसम्बन्धी शोधकार्य (थेसिस)लिई स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूमध्ये उत्कृष्ट एक जना विद्यार्थीलाई हरेक वर्ष प्रदान गरिने सो पुरस्कार आर्थिक वर्ष ०६१/०६२ का लागि वनस्पतिशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका कमलप्रसाद आचार्य र आर्थिक वर्ष ०६३/०६४ का लागि पब्लिक युथ क्याम्पसका सुजन कोइरालालाई प्रदान गरिएको थियो । ५ हजार रुपियाँ नगद र प्रमाणपत्रसहितको सो पुरस्कारका लागि आर्थिक वर्ष ०६२/०६३ मा कसैको पनि आवेदन परेको थिएन ।

सभामा रजिस्ट्रार डा. भीमराज अधिकारीले यस वर्ष विशिष्ट सेवा पुरस्कार पाउने त्रिविका शिक्षक तथा कर्मचारीको नाम घोषणा गर्नुभएको थियो । (नामावली पृष्ठ ८ मा)

समारोहमा त्रिविका विभिन्न अध्ययन संस्थानका डीन, अनुसन्धान केन्द्रका निर्देशक, केन्द्रीय विभाग एवं क्याम्पसका प्रमुख, केन्द्रीय कार्यालयका विभिन्न निकायका प्रमुख, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

समारोहपछि त्रिविका पदाधिकारीहरूलगायत त्रिविका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको सहभागितामा राज्याभिषेक उद्यानमा वृक्षरोपण गरिएको थियो ।

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ ।

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| श्री प्रदिपकुमार पौड्याल | सहप्राध्यापक | पूर्वाञ्चल क्याम्पस,धरान | २०६३।१।२० |
| डा. रामचत्द्र शर्मा | प्राध्यापक | रामपुर क्याम्पस,रामपुर | २०६२।१।१ |
| श्री सुशिल धिताल | उपप्राध्यापक | केन्द्रीय प्रविधि क्याम्पस,धरान | २०६४।११।२७ |
| श्री मीना शर्मा | सह प्राध्यापक | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६३।४।१ |
| श्री उषाकुमारी ढकाल(गिरी) | स्टाफ नर्स | शिक्षण अस्पताल,महाराजगंज | २०६३।९।१६ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१